बैठक संख्याः १०५

मिति २०८२ माघ २३ गतेका दिन नगर प्रमुख श्री किशोर कुमार लिम्बु ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि देहायका निर्णयहरु गरिए ।

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किशोर कुमार लिम्बु | नगर प्रमुख | [signature] |
| २ | श्री गंगा देवी जोशी | नगर उप-प्रमुख | [signature] |
| ३ | श्री बिक्रम चन्द | वडा अध्यक्ष | [signature] |
| ४ | श्री पदम सिंह रावल | वडा अध्यक्ष | [signature] |
| ५ | श्री हरि सिंह धनाडी | वडा अध्यक्ष | [signature] |
| ६ | श्री भक्त बहादुर सुनार | वडा अध्यक्ष | [signature] |
| ७ | श्री केशव बहादुर खत्री | वडा अध्यक्ष | [signature] |
| ८ | श्री ओम बहादुर बस्नेत | वडा अध्यक्ष | [signature] |
| ९ | श्री ज्ञानेन्द्र बहा दुर बहेकक्षेत्री | वडा अध्यक्ष | [signature] |
| १० | श्री ओम प्रकाश रोकाया | वडा अध्यक्ष | [signature] |
| ११ | श्री गोपीलाल कडेल | वडा अध्यक्ष | |
| १२ | श्री चन्द्र बहादुर सिंह | वडा अध्यक्ष | |
| १३ | श्री टिकाराम सार्की | कार्यपालिका सदस्य | [signature] |
| १४ | श्री मिना धामी | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री लक्ष्मी राना क्षेत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री पार्वती सुनार | कार्यपालिका सदस्य | [signature] |
| १७ | श्री सेते सुनार | कार्यपालिका सदस्य | [signature] |
| १८ | श्री गिता मिजार कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री मानमती कुमारी भट्ट | कार्यपालिकाउ सदस्य | [signature] |
| २० | श्री बिन्दु मोर | कार्यपालिका सदस्य | |
| २१ | श्री गणेश दत्त मिश्र | प्रमुख प्रशासकीय अधिकृत | |

निर्णय नं:१ दोधारा चाँदनी नगरपालिका वडा नं.०७ कंचनपुर नक्सा नं.०२६/०१६९ मा रहेको कित्ता नं.१२६५ को क्षेत्रफल ११५९५ वर्ग मिटर र कित्ता नं.१२२५ को क्षेत्रफल ०.००५० वर्ग मिटरको जमिन यस नगरपालिका वडा नं.०७ स्थित श्री लक्ष्मी माध्यमिक विद्यालयको भोगाधिकारमा रहेको जानकारी सम्बन्धित निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं:२ दोधारा चाँदनी नगरपालिका वडा नं.०४ कंचनपुर नक्सा नं.०२६००११ मा रहेको कित्ता नं.५३७ को क्षेत्रफल ४०१० वर्ग मिटर जमिन यस नगरपालिका वडा नं.०४ स्थित श्री मालिका आधारभुत विद्यालयको भोगाधिकारमा रहेको जानकारी सम्बन्धित निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं:३ दोधारा चाँदनी नगरपालिका वडा नं.०४ कंचनपुर नक्सा नं.०२६०००९ मा रहेको कित्ता नं.७५ को क्षेत्रफल ३७१५ वर्ग मिटर र कित्ता नं.७२ को क्षेत्रफल ७४०५ वर्ग मिटरको जमिन यस नगरपालिका वडा नं.०४ स्थित श्री शारदा सरस्वती माध्यमिक विद्यालयको भोगाधिकारमा रहेको जानकारी सम्बन्धित निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं:४ यस नगरपालिका वडा नं.०१ स्थित चारलेन पक्कि पुलको बाटोमा मापदण्ड अनुसार गेट निर्माणका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं:५ महाकाली नदिमा रहेको पक्कि पुलको पश्चिमतिरको ताल र बाँधको संरक्षण गर्न र नगरपालिकाले संरक्षण गरेको नदिले उकासेर राखेको करिब ५० बिगाहा जमिन संरक्षण गर्न ५०० वटा बाँसका विरुवाहरु रोप्ने कार्यका लागि विभिन्न संघ/संस्थाहरुसंग सहकार्य सहित मिलान कोष शिर्षकबाट आवश्यक रकम खर्च गर्ने निर्णय गरियो।

निर्णय नं:६ महाकाली नदि, जोगबुढा नदि र मलेरिया नालामा तटबन्ध निर्माणका लागि जनताको तटबन्ध कार्यालय कंचनपुर, महाकाली सिचाई आयोजना तेस्रो चरण कंचनपुर र जलस्रोत तथा सिचाई डिभिजन कार्यालय कंचनपुरलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं:७ यस नगरपालिका वडा नं.०४ स्थित श्री सरस्वती सामुदायिक सिकाई केन्द्रका लागि सुदूरपश्चिम प्रदेश सरकारबाट विनियोजित रु.१० लाख रकम यस नगरपालिकालाई वित्तिय हस्तान्तरणका लागि अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं:८ यस न.पा.वडा नं.०७ मा जोगबुढा नदिको कटान नियन्त्रणका लागि ग्याभिन जालीका साथै नदि कटान तथा भू-कटानका लागि कटान क्षेत्रमा बाँसको विरुवा मागका लागि सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं:९ संघीय समपुरक अनुदानबाट प्राप्त योजना पदम बहादुर गाहा मगरको घर देखि सुरेन्द्र प्रकाश बस्नेतको घर सम्म सडक कालोपत्रे योजनामा पर्खाल निर्माण कार्यको लागत अनुमान भन्दा थप गर्नुपर्ने भएकाले उक्त योजनाको भेरियसन गर्ने निर्णय गरियो।

निर्णय नं:१० यस नगरपालिकाबाट जे.सि.भि., टिप्पर आदिको सार्वजनिक कार्यका लागि वडा कार्यालयले माग गरेमा लाग्ने खर्च सम्बन्धित वडा कार्यालयले नै व्यहोर्ने गरि उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं:११ यस नगरपालिका अन्तरगतका छाडा पशुचौपाया व्यवस्थापनका गर्न प्रत्येक कान्जि खोरका लागि २/२ ट्रालीका दरले पराल छाडा पशुचौपाया शिर्षकबाट खरिद गर्ने निर्णय गरियो।

<u>निर्णय नं:१२</u> आर्थिक वर्ष २०८२/०८३ मा सुदूरपश्चिम प्रदेश सरकारबाट यस दोधारा चाँदनी नगरपालिकाको लागि छनौट भएका देहाय बमोजिमका योजनाहरु यसै नगरपालिकाबाट संचालन गर्न सकिने भएकोले उक्त योजना संचालन गर्न वित्तिय हस्तान्तरण गरी दिन सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो।

<u>तपसिल:</u>

| क.स. | योजनाको नामहरु | बजेट लाखमा | कै. |
|---|---|---|---|
| १ | महाकाली मा.वि.२ कोठे भवन निर्माण दो.चा.न.पा.वडा नं.०१ | २५ | |
| २ | सरस्वती मा.वि.को ४ कोठे भवन निर्माण दो.चा.न.पा.वडा नं.०४ | ५० | |
| ३ | दोधारा चाँदनी न.पा.वडा नं. पशुपति आ.वि.भवन निर्माण कंचनपुर | १० | |
| ४ | दोधारा चाँदनी २ श्री कृष्ण समाज नेपाल भवन निर्माण कंचनपुर | १० | |
| ४ | आधारभुत स्वास्थ्य ईकाइ भवन निर्माण दो.चा.न.पा.वडा नं.०२ कंचनपुर | ३५ | |
| ५ | लक्ष्मी मा.वि. बाबाथान दोधारा चाँदनी ७ कंचनपुरप्रदेश सभा निर्वाचन क्षेत्र नमुना विद्यालयको गुरु योजना अनुसार पूर्वाधार निर्माण/सुधार कार्यक्रम | ३५ | |
| ६ | दोधारा चाँदनी वडा नं.०४ मालिका आवि.मा मन्दिर भवन निर्माण कंचनपुर | १० | |
| ७ | दोधारा चाँदनी वडा नं.०३ शंकर पार्वती मा.वि.मा खानेपानी टयाङ्की जडान र वाल निर्माण कंचनपुर | १० | |